स्थानिय सरकार
तारकेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दाङसिङ, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.स: २०८२/८३
च.न:

**सूचना ।** **सूचना ॥** **सूचना ॥।**

प्रथम पटक प्रकाशित मिति २०८२/०९/०९

तारकेश्वर गाउँपालिका पशु सेवा शाखाको आ.व २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुरुप दुधमा आत्मनिर्भर हुन "गाई भैँसी सुत्केरी भत्ता कर्यक्रम" अन्तर्गत तारकेश्वर गाँउ पालिका भित्र स्थायी बसोबास गर्ने कृषक, दर्ता भएका गाईभैँसी फर्म, समुहका लागी तारकेश्वर गाँउपालिका **गाई भैँसी सुत्केरी भत्ता कर्यक्रम कार्यविधि २०८०** को अधिनमा रही मिति २०८२ श्रावण ०१ गते देखी सूचना प्रकाशित भएको मितिको अन्तीम म्यादसम्म सुत्केरी भएका गाईभैँसीहरुलाई सुतकेरी स्याहार प्रोत्साहन भत्ता अनुदान प्रति सुत्केरी पशु रु २५००(पचिस सय) उपलब्ध गराउने कार्यक्रम रहेको हुदाँ, इच्छुक कृषक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन सम्म कार्यालय समय भित्र सम्बन्धित वडा कार्यालयमा आवेदन दिई अवेदन दर्ता गराउनुहुन् यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका आवेदन छनोटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । थप जानकारीका लागि तारकेश्वर गाउँपालिका पशु सेवा शाखा तथा उपशाखाका कर्मचारीहरुको फोन नं बिष्णु कुमार चौधरी ९७४५८६२६१६ दिपक अधिकारी ९८०३३५६३९३ रामजी अधिकारी ९८६०३५४३१४ मा सम्पर्क राख्न सकिनेछ ।

कार्यक्रमको लागी छुट्याएको बिनियोजित बजेटलाई मध्येनजर गरि वडामा परेको आवेदन मध्यबाट निमुखा, आर्थिक अवस्था कमजोर भएका कृषकलाई प्राथमिकतामा राखी बढिमा १८ जनाको मात्र सिफारिस गरि प्रत्येक वडा कार्यलयले सिफारिस साथ अन्य कागजात पठाउनुपर्नेछ ।

आवेदन साथ सम्मिलित हुनुपर्ने कागजातहरुः

१. अनुसूचि २ बमोजिमको निवेदन सम्बन्धित वडा कार्यलयमा दर्ता गराउनुपर्नेछ ।
२. आवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
३. सम्बन्धीत वडाको सिफारिस पत्र ।
४. मान्यता प्राप्त पशु बिमा कम्पनिबाट गाईभैँसी बिमा गराएको पोलिसीको प्रतिलिपि ।
५. दर्तावाल फार्मको हकमा तिरो तिरेको रसिदको प्रतिलिपि ।
६. कृषक ब्याएको पशु र बाछाबाछी/पाडापाडी प्रष्ट बुझिने फोटो ।

नोटः निवेदनको ढाँचा पशु सेवा शाखा / उपशाखा तथा तारकेश्वर गाउँपालिकाको वेबसाईट www.tarakeshwormunnuwakot.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

सिर्जना अर्याल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

अनुसुचिः २

**निवेदनको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु ।
तारकेश्वर गाउँपालिकाको कार्यालय दाङसिङ, नुवाकोट ।

विषयः गाई/भैसी सुत्केरी भत्ता कार्यक्रममा सहभागी गराई पाउ भन्ने बारे ।

महोदय,

प्रस्तुत विषयमा म यस तारकेश्वर गाउँपालिका भित्र गाई/भैसी पालन गर्ने कृषक भएको हुनाले मैले उन्नत जातका गाई/भैसी.........गोटा पालन गरिरहेको र यस गाउँपालिका अन्तर्गत पशु सेंवा शाखामा सुत्केरी गाई/भैसी को आहारा प्रयोजनको लागी अनुदान उपलब्ध गराउने सुचना अनुसार मेरो गाई/भैसी मिति.................. गतेका दिन सुत्केरी भई ............ जन्माएको हुदाँ तपसिल बमोजिमको कागजात संलग्न राखी उक्त कार्यक्रममा सहभागी गराईदिनु हुन अनुरोध गर्दछु ।

तपसिल

१. नेपाली नागरीकताको प्रतिलिपी थान १
२. पशु बिमा कम्पनीबाट बिमा गराएको बिमाको पोलिसीको प्रतिनिधी थान १
३. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र थान १
४. सुत्केरी भएको गाई/भैसी तथा धनि सहितको फोटो थान १

निवेदक

कृषकको नामथरः
स्थायी टेगानाः
सम्पर्क नः
दस्तखतः

ईत सम्वत् २०८० साल ..........महिना .....गते रोज .... शुभम्

आज्ञाले

गिमन थापा मगर
प्रमुख प्रशासकिय अधिकृत
प्रमाणिकरण मिति मितिः२०८०/०९/१९